का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ कात्तिक २०७९,

शुक्रबार

4 November 2022,

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एकता प्रयासमा

# माओवादी र एकीकृत समाजवादी

समाजवादीको सचिवालय बैठकले माओवादी केन्द्रसँग एकता संयोजन समिति निर्माण गर्ने छलफल अगाडि बढाउने निर्णय गरेको थियो भने माओवादी केन्द्रले पनि एकीकृत समाजवादीसँग एकताका लागि संयोजन समिति बनाउने तयारी गरेको थियो । तर, दुई पार्टीले संयोजन समिति भने निर्माण गर्न सकेका छैनन् ।



चुनाव घोषणा हुनुभन्दा पहिला माओवादी, समाजवादी, वामदेव गौतम, जसपा र बाबुरामसहितको समाजवादी केन्द्र निर्माण गर्ने विषयमा छलफल भएको हो । त्यो अहिले थातीमा छ । चुनावपछि एकताको खाका तयार हुन्छ ।

**लक्ष्मण केसी**
**नेता, एकीकृत समाजवादी**



व्यक्तिगत स्वार्थ र रणनीतिका लागि एकताको गफ दिएका हुन् । नेताहरुबीचको असन्तुलनले समाजवादी केन्द्र बन्न निकै जटिल छ । गठबन्धन भित्र खटपट बढ्दै जाँदा चुनावपछि एकीकृत समाजवादीको एमालेसँगै पुन एकता हुनसक्छ ।

**डा. राजेश अहिराज**
**राजनीतिक विश्लेषक**

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १७ कात्तिक

आगामी मंसिर ४ मा हुने संसदीय चुनावपछि पार्टी एकता गर्ने घोषणा गरेका नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले घोषणापत्र एउटै सार्वजनिक गर्न सकेनन् । दुई दलले एउटै घोषणापत्र सार्वजनिक गर्न नसकेपछि पार्टी एकता हुने वा नहुने भन्ने विषय अनिश्चित भएको छ। यद्यपि, दुईवटै दलका घोषणापत्रका अधिंकाश विषय भने समान रहेका छन् । दुवै दलले शिक्षा, स्वास्थ्य र मौलिक हकका विषयमा जनतालाई अधिकार प्रदान गर्ने दाबी घोषणापत्र मार्फत गरेका छन् । तर, नेकपा एकीकृत समाजवादीभित्र रहेको झलनाथ खनाल समूह भने माओवादीसँग एकता गर्ने विषयमा सकारात्मक देखिँदैन ।

माओवादीसँग एकता गर्नका लागि एकता संयोजन समिति बनाउन छलफल अगाडि बढाउने निर्णय गरेका थियौं, तर, वार्ता कहिलेबाट सुरु हुन्छ भन्नेमा हामी नै अन्यौलमा छौं' पार्टीका उपमहासचिव गंगाधर तुलाधरले भने । उनले दुई दल अहिले छुट्टै भएकाले आ/आफ्नो घोषणापत्र सावर्जनिक गरेको पनि बताएका छन् ।

'घोषणापत्र माओवादी र एकीकृत समाजवादीको संयुक्त आउने भन्ने कहीँ कतै कुरा भएको होइन । चुनाव घोषणा हुनुभन्दा पहिला माओवादी, समाजवादी, वामदेव गौतम, जसपा र बाबुरामसहितको समाजवादी केन्द्र निर्माण गर्ने विषयमा भने छलफल भएको हो । त्यो अहिले थातीमा रहेको छ ।' घोषणापत्र निर्माण समितिका सदस्य एवं एकीकृत समाजवादीका नेता लक्ष्मण केसीले भने । उनले चुनावपछि एकताको खाका तयार हुने बताएका छन् ।

'यी दुवै दलले व्यक्तिगत स्वार्थ र रणनीतिका लागि एकताको गफ दिएका हुन्,



तर नेताहरुबीचको असन्तुलनले समाजवादी केन्द्र बन्न निकै जटिल छ' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने। उनले गठबन्धन भित्र खटपट बढ्दै जाँदा एमालेसँगै चुनावपछि पुन एकता हुनसक्ने बताएका छन्

तर, गत भदौमा बसेको समाजवादीको सचिवालय बैठकले माओवादी केन्द्रसँग एकता संयोजन समिति निर्माण गर्न छलफल अगाडि बढाउने निर्णय गरेको थियो भने माओवादी केन्द्रले पनि एकीकृत समाजवादीसँग एकताका लागि – बाँकी पृष्ठ २ मा

## मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमितरूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संघमा १५ र प्रदेशमा ५ मन्त्रालय सिफारिस



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १७ कात्तिक

संघमा १५ र प्रदेशमा ५ मन्त्रालय मात्रै बनाउन सिफारिस भएको छ । हाल संघमा २५ सदस्यीय मन्त्रालय बनाउन पाइन्छ भने प्रदेशमा फरक फरक छ । अहिले भएको संख्या कटौती गर्ने सिफारिस राष्ट्रिय सभाद्वारा गठित समितिबाट भएको हो ।

राष्ट्रिय सभा सदस्य खिमलाल देवकोटा नेतृत्वमा गठित 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति'द्वारासंघीय मन्त्रालयको संख्या १५ र प्रदेशको मन्त्रालय संख्या न्यूनतम ५ बनाउन सिफारिस भएको हो ।

धेरै मन्त्रालय हुँदा खर्च बढी भएको र यही कारण व्यवस्थाप्रति नै कतिपयमा असन्तुष्टि पैदा भएको भन्दै मन्त्रालयको संख्या कटौती गर्न भनिएको छ ।

> प्रदेश मन्त्रालय र मन्त्रीको सङ्ख्याको बढोत्तरीका कारण प्रशासनिक खर्चमा भएको वृद्धि लगायतका कारण संघीय मन्त्री १५ र प्रदेश मन्त्रीको संख्या ५ जनाभन्दा कम नहुनेगरी कूल प्रदेशसभा सदस्यको १० प्रतिशतमा सीमित सुझाव दिइएको हो ।
>
> **● खिमलाल देवकोटा**
> **संयोजक**
> ***संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति***

साथसाथै, संघीय तहमा रहेका विभागहरू आधाभन्दा बढी कामविहीन अवस्थामा रहेकाले आधा खारेज गर्न पनि भनिएको छ ।

समितिले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनमा भनिएको छ, 'संविधानत: धेरै कार्यजिम्मेवारी प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएको स्थितिमा विभिन्न आयोग तथा समितिहरूले संघीय स्तरमा रहने मन्त्रालयको संख्या कटौती गरी सिफारिश गरेअनुसार संघीय मन्त्रालयहरूको संख्या १५ मा सीमित गर्ने ।' यसको समयसीमा पनि तोकिएको छ । भनिएको छ, '२०८० असारसम्म संघीय मन्त्रालयको संख्या १५ मा सीमित गर्ने ।' प्रदेश मन्त्रीको संख्या न्यूनतम ५ जनाभन्दा कम नहुनेगरी कूल प्रदेशसभा सदस्यको १० प्रतिशतमा सीमित गर्न – बाँकी पृष्ठ २ मा

# चुनावबाहिर तीन कम्युनिष्ट पार्टी

## निर्वाचनमा भाग नलिने निर्णय गरेपछि विप्लव समूहका नेता तथा कार्यकर्तामाथि प्रहरीले निगरानी बढाएको छ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १७ कात्तिक

तीन वटा कम्युनिष्ट पार्टी ४ मङ्सिरमा हुन लागेको प्रदेश र प्रतिनिधिसभा सदस्यको चुनाव बाहिर रहने भएका छन् ।

नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसहित तीन कम्युनिष्ट पार्टीले बुधवार संयुक्त विज्ञप्ति जारी गर्दै आगामी मंसिर ४ मा हुन गइरहेको आम निर्वाचनमा भाग नलिने बताएका हुन् । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, ऋषि कट्टेल नेतृत्वको नेकपा र वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीले निर्वाचन बहिष्कार गर्ने जानकारी



दिएका हुन् ।

उनीहरुले निर्वाचन बहिष्कारका कार्यक्रम सार्वजनिक समेत गर्ने भएका छन् । कार्तिक १९ गते पत्रकार सम्मेलन गरी बहिष्कारका कार्यक्रम सार्वजनिक गरिने विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचनले समाजवादमा पुग्न मद्दत नगर्ने भएकाले त्यसलाई भण्डाफोर गर्दै बिथोल्ने गरी अभियान चलाउने निर्णय उनीहरुको छ । उक्त भण्डाफोर अभियानमा सरकारले दमन गरे त्यसको प्रतिकार गर्ने चेतावनीसमेत दिइएको छ । यस अभियानमा सामना परिवारले जनसांस्कृतिक अभियान समेत चलाउने भनिएको छ ।

नेकपाले भण्डाफोर अभियान चलाउने र चुनाव बिथोल्ने निर्णय गरेको भोलिपल्टै अर्थात् कात्तिक १६ गते अन्य साना कम्युनिष्ट पार्टीहरूले पनि निर्वाचन बिथोल्ने निर्णय गरेका हुन् । आगामी कात्तिक १९ गते शनिवार पत्रकार सम्मेलन नै गरेर आन्दोलनको घोषणा गरी भण्डाफोर अभियान चलाउने र निर्वाचन बिथोल्ने गतिविधिमा संलग्न हुने उनीहरूको चेतावनी छ ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव विप्लव, नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल र वैज्ञानिक समाजवादी पार्टीका महासचिव आहुतिको तर्फबाट जारी संयुक्त विज्ञप्तिमा दलाल – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारमा रहेका कामदारलाई आईपीओमा १० प्रतिशत कोटा कार्यान्वयन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ कात्तिक

नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई कम्पनीको आईपीओमा दश प्रतिशत कोटा कार्यान्वयन गरेको छ । बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकालाई संशोधन गर्दै बिहीबारबाट उक्त व्यवस्था कार्यान्वयनमा ल्याएको हो । सरकारले चालु आर्थिक वर्षको बजेटमा वैदेशिक रोजगारमा रहेका कामदारलाई आईपीओ आरक्षणको नीति ल्याएको थियो ।

आईपीओ जारी गर्ने संस्थाले सर्वसाधारणलाई निष्काशन गर्ने शेयरमध्ये १० प्रतिशत शेयर १५ दिनअघि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई छुट्याउनु पर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारमा रहेका नेपालीले रेमिट्यान्स बचत खाताबाट आरक्षित आईपीओमा आवेदन गर्न पाउने छ। आरक्षित कोटामा आवेदन गर्न पछिल्लो ६ महिनामा कम्तीमा ५० हजार रुपैयाँ सम्बन्धित व्यक्तिले आफू कार्यरत रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने शर्त रहेको छ ।

वैदेशिक रोजगारमा रहेकाले डिम्याट खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गराउनु पर्नेछ । उनीहरूले सीआरएन पनि विद्युतीय माध्यममार्फत लिन सक्ने व्यवस्था गरिएको छ ।

विदेशमा रहेकाले आरक्षित कोटामा आईपीओ भरिसकेपछि सर्वसाधारणका लागि छुट्याएकोमा भने पुन: आवेदन गर्ने नपाउने व्यवस्था गरिएको छ। सरकारको – बाँकी पृष्ठ २ मा

# मुख्यमन्त्रीसँग गाडी प्रयोगको विवरण माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ कात्तिक

मधेशका मुख्यमन्त्री, मन्त्रीहरुसँग गाडी प्रयोगको विवरण मागिएको छ । चुनाव प्रचारमा सरकारी सवारी साधन प्रयोग गरेको विषयमा निर्वाचन आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र प्रदेश सरकार सचिवालयसँग विवरण माग गरेको हो।

मुख्यमन्त्री र मन्त्री र प्रदेशसभाका विभिन्न समितिका निवर्तमान सभापतिहरुले सरकारी सवारी साधनमा निजी नम्बर प्लेट राखेर निर्वाचन प्रचारमा हिँडेको उजुरी परेपछि आयोगले मुख्यमन्त्री कार्यालय र प्रदेशसभा – बाँकी पृष्ठ २ मा




## कुवेतमा महिलाहरूलाई वैदेशिक रोजगार अवसर

कम्पनी : GLAMOR SPA & GYM शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०७/१७ चलानी नं.: ६०१९०४८४ LT. No.: 274805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Makker / Barista | 0 | 1 | सम्बन्धित काममा दक्ष | 130 | ५५,४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 5 | | 85 | ३६,२६४ | | | | | | | |
| 3. | Hair Dresser | 0 | 5 | | 140 | ५९,७२९ | | | | | | | |
| 4. | Massage Lady | 0 | 4 | | 140 | ५९,७२९ | | | | | | | |
| 5. | Medicur & Pedicur | 0 | 3 | | 130 | ५५,४६३ | | | | | | | |

नोटः प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २५ गते (11 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७०० /- कामदारले तिर्ने | रु. १,५०० /- कामदारले तिर्ने | रु. १०,००० /- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.

Licence No. 753/064/065

Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668, 9849216417, 9813397005, 9803708838 | Email: manakamanamfec1@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ कात्तिक २०७९, शुक्रबार
4 November 2022, Friday

# धौलागिरी हिमाल पोलिक्लिनिकका सञ्चालक पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं बसुन्धारास्थित धौलागिरि हिमाल पोलिक्लिनिकका सञ्चालक नारायणप्रसाद पौडेलविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। अख्तियारले उनीविरुद्ध विशेष अदालत काठमाडौंमा बिहीबार मुद्दा दर्ता गरेको हो। सरकारी साक्षीका रुपमा विशेष अदालत काठमाडौंमा पेश गरिएका पौडेलले अदालतमा सरकारको प्रतिकूल हुने गरी साक्षी बकपत्र गरेपछि उनीविरुद्ध पनि मुद्दा दर्ता गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।



कोभिड १९ को परीक्षण नगरिकन नक्कली रिपोर्ट दिएको तथा त्रिवि शिक्षण अस्पतालको लोगो तथा सम्बन्धित व्यक्तिको हस्ताक्षर अनाधिकृत रूपमा प्रयोग गरी सरकारी कागजातको दुरुपयोग गरेको अभियोगमा विनोदकुमार यादवविरुद्ध दर्ता गरिएको मुद्दामा पौडेललाई सरकारी साक्षीका रुपमा प्रस्तुत गरिएको थियो।

तर उक्त मुद्दाको बकपत्रका क्रममा पौडेलले अदालतसमक्ष प्रतिकूल बकपत्र गरेकाले अनुसन्धान हुँदा विशेष अदालत, काठमाडौंमा दर्ता भएको प्रतिवादी विनोदकुमार यादव भएको भ्रष्टाचार (गलत प्रतिवेदन) मुद्दामा मतियार भई काम गरेको पाइएपछि उनीविरुद्ध पनि मुद्दा दर्ता गरिएको अख्तियारले जनाएको छ।

पौडेलले विशेष अदालत काठमाडौंमा उपस्थित भई बकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको बयानको ब्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएको अख्तियारले जनाएको छ। अख्तियारले मुख्य कसुरदार विनोदकुमार यादवलाई हुने सजायको आधा सजाय हुने मागदाबी लिई मुद्दा दर्ता गरेको छ।

## घुस रकमसहित सई पक्राउ

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस रकमसहित धनुषाका प्रहरी नायब निरीक्षक (सई) लाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धनुषाका सई देवकी लाल चौधरी रहेका अख्तियारले जनाएको छ।

जिल्लाको जटहीस्थित सीमा प्रहरी चौकीमा कार्यरत चौधरीले एक जना सेवाग्राहीबाट पाँच हजार रुपैयाँ घुस मागेको सूचनाका आधारमा अख्तियारको टोलीले उनलाई नियन्त्रणमा लिएको हो। घुस लिने क्रममा चौधरीलाई अख्तियारको टोलीले रंगेहात पक्राउ गरेको हो।


## कतारमा रोजगार | १. कम्पनी : TASTY MELT CHOCOLATE TRADING

शहर: Qatar

पूर्व स्वीकृत मितिः २०७९/०७/१७ चलानी नं.: ६०१९०४६१ LT. No.: 274849

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५४,४५० | | | | | | | |
| 3. | General Clean Worker | 4 | 0 | | 1000 | ३६,३०० | | | | | | | |
| 4. | General Supervisior | 1 | 0 | | 3000 | १०८,९०० | | | | | | | |
| 5. | Representative | 2 | 0 | | 2200 | ७९,८६० | | | | | | | |
| 6. | Salesman | 1 | 0 | | 1400 | ५०,८२० | | | | | | | |
| 7. | Secretary | 1 | 0 | | 2200 | ७९,८६० | | | | | | | |
| 8. | Supervisior | 1 | 0 | | 3000 | १०८,९०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक २५ गते (11 November 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Lic No.: 426/060/061

**New S.V. International Pvt. Ltd.**
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977- 015913575, 9851144185, 9803013510
E-mail: newsvinternational@gmail.com , Web: www.newsvintl.com.np


### एकता...

संयोजन समिति बनाउने तयारी साउनमै गरेको थियो। तर, दुई पार्टीले संयोजन समिति भने हालसम्म पनि निर्माण गर्न सकेका छैनन्। बरु, उक्त दुई दलसँगै बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी मात्र होइन, वामदेव गौतमको बृहत् कम्युनिष्ट एकता अभियान पनि जोडिने सहमति बन्यो। तत्पश्चात् हालसम्म संयोजन समिति त परको विषय विकास र एजेण्डामा साझा रणनीति समेत बन्न सकेको छैन। जसले गर्दा दुईदलबीचको एकता हुने वा नहुनेमा आशंका चुलिएको छ।

### संघमा...

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सिफारिस गरिएको छ। सिफारिसमा भनिएको छ, 'प्रदेश मन्त्रालय र मन्त्रीको संख्याको बढोत्तरीका कारण प्रशासनिक खर्चमा भएको वृद्धि लगायतका कारण आमजनतामा संघीयताप्रतिको विश्वासमा कमी आएको र व्यवस्थाप्रति नै नकारात्मक धारणा प्रवाह भएको स्थितिमा प्रदेश मन्त्रीको संख्या न्यूनतम ५ जनाभन्दा कम नहुनेगरी कूल प्रदेशसभा सदस्यको १० प्रतिशतमा सीमित गर्ने।'

समितिले बुधबार राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनालाई बुझाएको प्रतिवेदनमा मन्त्रालयको संख्या घटाउनका लागि संविधान संशोधनको विधेयक ल्याउन पनि भनिएको छ। नेपालको संविधान २०७२ मा प्रदेशको मन्त्रिपरिषदको आकार प्रदेशसभा सदस्यको २० प्रतिशतसम्म रहन सक्ने व्यवस्था छ। पछिल्लो समय संविधानको यही व्यवस्थालाई टेकेर प्रदेश मन्त्रिपरिषदहरु निकै ठूलो आकारको बनेका छन्।

समितिले संविधानअनुसार धेरै जिम्मेवारी प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएकाले संघीय सरकारमा पनि मन्त्रालय संख्या घटाउन सुझाव दिएको छ। 'विभिन्न आयोग तथा समितिहरुले संघीय स्तरमा रहने मन्त्रालयको संख्या कटौती गर्ने सिफारिस गरे अनुसार संघीय मन्त्रालयहरुको संख्या १५ मा सीमित गर्ने। यसैगरी संघीय तहमा रहेका विभागहरू आधा भन्दा बढी कामविहीन अवस्थामा रहेको हुँदा आधा खारेज गें गरी नीतिगत व्यवस्था मिलाउने।' समितिको प्रतिवेदनमा भनिएको छ।

समितिले प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको अभावका कारण कार्यसम्पादन र सेवा प्रवाहमा समया परेको भन्दै आवश्यक कर्मचारी खटाउन पनि सुझाव दिएको छ। राष्ट्रियसभाको बैठकले २० जेठ २०७९ मा देवकोटाको संयोजकत्वमा गठन गरेको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिमा राष्ट्रियसभा सदस्यहरु उदयबहादुर बोहरा, प्रकाश पन्थ, प्रमिला कुमारी, मायाप्रसाद शर्मा, विमला राई पौड्याल र रामचन्द्र राई सदस्य छन्। समितिलाई संघयिता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत लगायत सबै पक्षको अध्ययन गरी राष्ट्रियसभामा प्रतिवेदन पेश गर्न कार्यादेश दिइएको थियो।

समितिले स्थानीय तहको कार्यजिम्मेवारी, वित्तीय स्रोत तथा साधनलगायतमा ठूलो परिवर्तन भएको सन्दर्भमा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत उपसचिवभन्दा तल्लो दर्जाको कर्मचारी नहुने कानुनी तथा नीतिगत व्यवस्था गर्नसमेत संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालयलाई सिफारिस गरेको छ।

कर्मचारीको जवाफदेहितासम्बन्धी कानुन बनाउन, सार्वजनिक सेवा प्रवाह हुने ठाउँमा सीसी क्यामेरा जडान गर्न, प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्न, संघमा रहेका आधा कर्मचारी कटौती गर्न, दुई वर्ष सेवा नगरेका सरकारी कर्मचारीको बढुवा नगर्न, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदेश सरकारलाई हस्तान्तरण गर्न, सबै प्रदेशको सवारी साधनकरमा एकरुपता कायम गर्न, कानुनविपरीत सञ्चालित क्रसर उद्योग हटाउन, तीनवटै तहको सरकारको बजेटको सीमा तय गर्न समितिले सम्बन्धित निकायलाई सिफारिस गरेको छ।

### चुनावबाहिर...

पुँजीवादी संसदीय सरकारले आफ्नो व्यवस्था टिकाइराख्न मङ्सिर ४ गते गर्न लागेको संघ र प्रदेशको निर्वाचन बहिष्कार र खारेजी गर्ने निर्णय गरेको बताइएको छ। निर्वाचनमा भाग नलिने निर्णय गरेपछि विप्लव समूहका नेता तथा कार्यकर्तामाथि प्रहरीले निगरानी बढाएको छ। निर्वाचनमा मतदान नगर्ने र बिथोल्ने कुरा एउटै नभएको निचोडसहित प्रहरीले निगरानी बढाएको हो।

अघिल्लो संसदीय निर्वाचनमा पनि निर्वाचन बिथोल्ने भन्दै राजनीतिक दलका नेता र कार्यकर्तालाई लक्षित गर्दै बम विस्फोटसम्मका घटना भएको कारण विप्लव लगायतका साना कम्युनिष्ट पार्टीको निर्वाचन बिथोल्ने घोषणापछि निर्वाचन आयोग र सुरक्षा निकायले सुरक्षाको नयाँ योजना बनाउन थालेका हुन्।

### वैदेशिक...

नीतिले वैदेशिक रोजगारमा रहेका विपन्न अवस्थाका कामदारको आर्जन दीर्घकालीन पुँजी निर्माणमा लाग्ने अपेक्षा गरिएको छ। कतिपयले सरकारी निर्णयले स्वदेशमा पसिना बगाउने मजदुरमाथि विभेद गरी वैदेशिक रोजगारीलाई प्रश्रय दिएको भन्दै आलोचना गरेका छन्।

### मुख्यमन्त्रीसँग...

सचिवालयसँग विवरण माग गरेको जनाएको छ। आयोगका अनुसार मधेशका मुख्यमन्त्री, मन्त्रीहरुले चुनाव प्रचारमा सरकारी सवारी साधन प्रयोग गरेको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र प्रदेश सरकार सचिवालयसँग विवरण माग गरिएको छ। '...पदाधिकारीहरुलाई सरकारी सुविधास्वरुप तहाँबाट उपलब्ध गराइएका सवारी साधनहरु' फिर्ता गरी दाखिला भए नभएको यकिन विवरणसमेत यो पत्र प्राप्त भएको दुई दिनभित्र पछिसम्म फरक नपर्ने गरी आयोगलाई उपलब्ध गराउनुहुन निर्णयअनुसार अनुरोध गरिन्छ' आयोगले पठाएको पत्रमा भनिएको छ।

मुख्यमन्त्री, मन्त्री र प्रदेशसभाका विभिन्न समितिका सभापतिले सरकारी सवारी साधन प्रयोग गरेको भए त्यस्ता सवारी साधन नियन्त्रणमा लिन प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिइएको छ।

पदबाट हटेपछि पनि सरारी सवारी साधन नबुझाई लगेको वा त्यस्ता सवारी साधन निजी नम्बर प्लेट राखेर प्रयोग गरेको भेटिए नियन्त्रणमा लिन निर्देशन दिएको आयोगका अधिकारीहरुले जनाएका छन्।

## बेलौरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मिति: २०७८|०७|१८)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ|

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | *Construction of Tharu Homestay Building Ward No. 5 Belauri, Kanchanpur Contract Identification: BELMUN/ NCB/W/079/080-01* | *New Bashuling Construction Bhimdutta Municipality Kanchanpur* | रु. ३१,८१,१८४ | |

## Temal Rural Municipality
### Office of the Rural Municipal Executive
**Pokhari Narayansthan, Temal, Kavre**
**Bagmati Province**

### Invitation for Bids

**Date of publication: 2079 -07-18 (4th Nov. 2022)**

**Temal Rural Municipality**, **Pokhari Narayansthan, Temal, Kavre** invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding: Single Stage Single Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid as per instructions on or before ***[12:00PM]*** on ***[2079/08/19 (5th Dec 2022]***. Bids received after this deadline will be rejected.

| Name of Project | Contract ID | Estimated Cost including VAT and (NRs.) | Cost of Bid Document (NRs) | Bid Validity | Bid Security (NRs) | Bid Security Validity |
|---|---|---|---|---|---|---|
| 'SUPPLY, DELIVERY, INSTALLATION, COMMISSIONING AND TESTING OF BROADBAND INTERNET SERVICES IN DESIGNATED LOCATIONS OF RURAL MUNICIPALITY, WARD OFFICES, HEALTH POST, COMMUNITY HEALTH UNIT AND COMMUNITY SCHOOLS OF Temal RURAL MUNICIPALITY THROUGH 12-CORE OPTICAL FIBER' | TRM/SIN/ NCB/GOODS/ 079-80 | 3326860 (Thirty-three lakhs twenty-six Thousand Eight Hundred sixty Only) | 3000.00 | 90 Days (after the deadline of bid submission) | 78000.00 (Seventy-eight thousands only) | 30 days beyond bid validity period |

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:- Citizens Bank International Limited, Temal Branch, Kavre,**
**Name of Office: Temal Rural Municipality**
**Account Name: Temal Aantarik Rajaswa Khata**
**Office Account no (Rajaswa).: - 0710100000001202**
All information regarding the above mentioned can be obtained from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office.

**Office Chief**

## चुलाचुली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**चुलाचुली, इलाम**
**१ नं. प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति २०७९/०७/१८**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०७९/०६/०७ मा प्रकाशित तपशिल बमोजिमको बोलपत्र आवहान सूचना अनुसार म्याद भित्र E-BID को माध्यमबाट दर्ता हुन आएका बोलपत्रमध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरु प्राविधिक शर्तहरु पूरा गर्न सफल भएको हुंदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/०७/२५ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) को नियम ३१ (ङ) को ऊपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र स | ठेक्काको बिबरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| १ | 06/Chulachuli/079/80 Construction of Panchakanya Secondary School Ward no 2 | श्री Satashi Nirman Sewa Pvt. Ltd. Jhapa<br>श्रीPathibhara/Agni and Sons/Anubhav J.V Damak<br>श्री Pachayan/Suraj J.V Ilam-9, Ilam<br>श्री Jateshwor-B.G J.V Koteshwor Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**

## बलेफी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### आशयपत्र सम्बन्धी सूचना

**प्रकाशित मितिः- २०७९/०७/१८**

**यस गाउँपालिकाको काठे बिन्जेल सडक स्तरोन्नती गर्ने कार्यका लागि** लोकप्रिय समाचार दैनिक राष्ट्रिय पत्रिका**मा मिति २०७९/०६/१४ मा प्रकाशित सूचना नं.** ***BRM/NCB-05/2078-079*** **अनुसार यस कार्यालयमा रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये** श्री मोक्तान एण्ड बोम्जन बिल्डर्स गोकणेश्वर काठमान्डौको **बोलपत्र न्यूनतम मूल्याङ्याकित (PS** र मु.अ.क.बाहेक रु. २१,२०,२६१/५०) **सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# अर्थतन्त्रलाई संकटबाट जोगाउन उत्पादन वृद्धि गर्नुपर्नेमा जोड



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १७ कात्तिक

नेपालको अर्थतन्त्र संकटबाट जोगाउनका लागि उत्पादनमा जोड दिनुपर्नेमा अर्थविद्हरुले बताएका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले बिहीबार आयोजना गरेको नेपालको वर्तमान आर्थिक अवस्था र सुधारका लागि सञ्चारकर्मीले खेल्नुपर्ने भूमिका विषयक कार्यक्रममा बोल्दै अर्थविद्हरुले यस्तो बताएका हुन् ।

पछिल्लो समय नेपालको अर्थतन्त्र धराशयी बनेको विभिन्न घटनाहरु पुष्टि गर्दै आइरहेको भन्दै नेपालमा वर्षेनी व्यापार घाटा बढिरहेको र विदेशी मुद्राको सञ्चिती घटिरहेको कारण नेपालको अर्थतन्त्र पनि संकटमा फस्ने अनुमान अर्थ विश्लेषकहरुले गर्न थालेको छन् ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले अहिले तरलता अभाव नभएको तर लगानी योग्य रकमको अभाव भने रहेको बताएका छन् । नेपालमा आयातका लागि पैसा बाहिर जाँदा तरलता अभाव जस्तो देखिएको उनको भनाइ थियो । विश्व अर्थतन्त्रमा परेको प्रभाव, कोरोना महामारी लगायतका घटनाले यस्तो भएको उनले बताए । अहिले विदेशी विनिमय सञ्चिति घटेको भए पनि पहिला जस्तो डराउनु पर्ने अवस्था नरहेको बताए । उनले सञ्चिति बोर्डर लाइनमा रहेको बताए । विदेशी विनिमय सञ्चिति नबढे तरलता सहज नहुने उनले बताए । अहिले ब्याज १२ प्रतिशत औषतमा रहेको बताउँदै उनले २०७४ मा १२.४७ प्रतिशत पुगेको स्मरण गराए । त्यसैले यो अहिलेसम्मकै धेरै नरहेको उनको तर्क थियो ।

यस्तै, बैंकर्स संघका अध्यक्ष अनिल कुमार उपाध्यायले आगामी दिनमा पुँजीबजार, ऋण पत्रलाई स्थिर बनाउनु पर्ने, भेन्चर क्यापिटललाई बजारमा ल्याउनु बताएका छन् । उनले यी क्षेत्रबाट पैसा संकलन गरेर सरकारलाई चाहिने स्रोतलाई बलियो बनाउने सकिने बताए । उनले कुनै बेला बैंकहरुले घर घरमा गएर कर्जा दिएको भए पनि अहिले त्यो अवस्था नरहेको बताए । 'त्यो बेला बजारमा सहज रुपमा तरलता प्रवाह भएको थियो, डिमाण्ड कम थियो आपूर्ति निकैबढी थियो । त्यो बेला हामीले उद्योगी व्यवसायीको घर घरमा गएर कम लागतमा कर्जा दिएको हो' उनले भने 'त्यो बेला हामीले त्यस्तो चुनौतीमा पनि काम गरेको हो । आज त्यो अवस्था छैन ।' अहिले बैंकमा कर्जा लिन आउँदा पनि दिन नसक्ने अवस्था नभएको उनले बताए ।

यस्तै, नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेलले अहिले बैंकिङ प्रणालिमा देखिएको तरलता अभाव हटाउन राष्ट्र बैंकले विदेशबाट फन्ड ल्याउन सहयोग गर्नुपर्ने बताएका छन् । अध्यक्ष पौडेलले राष्ट्र बैंकले बाहिरबाट फन्ड ल्याउन सहयोग गरे क्रमिकरुपमा तरलता सहज बन्दै जाने धारणा राखे ।

अध्यक्ष पौडेलले वैदेशिक मुद्रा बढाउन बिप्रेषणमा मात्रै भर पर्नुभन्दा पनि निर्यातमा जोड दिनुपर्ने बताए । त्यसको गर्न सकिए विदेशी विनिमय सञ्चिति बढ्ने र देश विकास हुन समय नलाग्ने उनको भनाइ छ ।

विश्व अर्थतन्त्रमा परेको प्रभावको असर नेपालमा पनि परेको उनले बताए । तर,श्रीलंकासँग नेपालको अर्थतन्त्रको तुलना गर्न आवश्यक नरहेको उनको भनाइ थियो । खाद्यान्न, उर्जा र सुरक्षा बलियो हुने हो भने नेपाल तत्काल श्रीलंकाको अवस्थामा नपुग्ने उनले बताए । सरकार र निजी क्षेत्रले कृषि क्षेत्रलाई मजबुत बनाएर लैजान आवश्यक रहेको बताउँदै उनले कृषिलाई माथि लैजान अनुदान आवश्यक र एक तहमा पुगेपछि घटाउन सकिने पौडेलले बताए । बैकिङ क्षेत्र बलियो बन्दै जाँदा नयाँ उद्यमी बढ्न थालेको र अबको दिनमा रोजगारी बढ्ने क्षेत्रमा बैंकको लागनी आवश्यक रहेको उनको धारणा थियो ।

यस्तै, अर्थविद् डा. चन्द्रमणि अधिकारीले पत्रकारहरुले सरकारले ल्याउने बजेट सम्बन्धी पूर्ण रिपोर्टिङ्ग गर्नुपर्ने बताए । उनले भने 'बजेट भाषणको सुरुका दिनमा रिपोटिङ्ग र अन्तरक्रिया गर्ने गरेको भएपनि बजेट लागु भए नभएको भने विषयमा भने नहुने समस्या छ, त्यसले गर्दा बजेट तर्जुमा, प्रस्तुती र कार्यान्वयनको अवस्थाका विषय बाहिर ल्याउन सकेमात्र पारदर्शि हुन्छ ।'

कार्यक्रममा राजधानी दैनिकका सम्पादक सागर पण्डितले नीतिगत भ्रष्टाचार रोक्न सकेमात्र मुलुकले समृद्धि हाँसिल गर्ने बताए । नेपाल आर्थिक संकटमा फस्नुको मुख्य कारण भ्रष्टाचार, अनियतिता र सेटिङ्ग नै भएको टिप्पणी गरे । नेपालको बैदेशिक ऋण २० खर्बभन्दा बढिरहेपनि त्यसको उपलब्धी भने सन्तोषजनक नगरेको बताए । पछिल्लो समय राजनीतिक व्यक्तित्वहरु भ्रष्टाचारमा लिप्त भएका कारण त्यसलाई रोक्न व्यूरोक्रेसीले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । साथै भ्रष्टाचार न्यूनीकरणका लागि सबैलाई क्षेत्रलाई ध्यानाकर्षण समेत गराएका थिए ।

तराई विकास तथा सञ्चार केन्द्र नेपालका सभापति गोविन्द प्रसाद चौलागाईंले मुलुकको अर्थतन्त्र संकटतर्फ धकेलिइरहेकाले दुर्घटना हुनबाट जोगाउनुपर्ने तर्क गरे । उनले केही समय अघि मात्र श्रीलंकाको घटनालाई स्मरण गर्दै हामी पनि हाम्रो मुलुकको अर्थतन्त्र त्यो संकट उत्पन्न हुन नदिनका लागि सबै क्षेत्र सचेत हुनुपर्ने बताए । कार्यक्रममा अर्थविद्हरु आर्थिक विटमा कलम चलाउने पत्रकार र विभिन्न संघ संस्थाका जिम्मेवार पदाधिकारीहरुको उपस्थिति रहेको कार्यक्रम अर्चना पौडेलले सञ्चालन गरेकी थिइन् ।

# पश्चगामी तीन दलीय गठबन्धनले मुलुक चलाउँदैन : गृहमन्त्री

**भैरहवा/मस–** गृहमन्त्री बालकृष्ण खाणले नेकपा (एमाले), राप्रपा र जसपाबीचको तीनदलीय गठबन्धन पश्चगामी भएको बताएका छन् । उनले यो गठबन्धनले देश चलाउन नसक्ने दाबी गरे ।

एकापसमा विचार र सिद्धान्तसमेत नमिल्ने र जनताको संघर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विपक्षमा उभिएका शक्तिहरूबीचको गठबन्धनले मुलुकलाई पश्चगमनतर्फ लैजाने उनले बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पाँचदलीय गठबन्धनको तर्फबाट रुपन्देही क्षेत्र नं ३ का प्रतिनिधिसभा उम्मेदवारसमेत रहुभएका खाणले बिहीबार भैरहवामा आयोजित तरुण प्रशिक्षण कार्यक्रममा बोल्दै नेपालको राष्ट्रियताको संरक्षण गर्दै मुलुकलाई अग्रगमनको दिशामा अगाडि बढाउन पाँचदलीय गठबन्धन बनेको बताए ।

उनले भने, 'तीनदलीय गठबन्धन प्रतिगमनको पक्षमा छ । प्रतिक्रिया गर्न सक्छ । तर यसले देश चलाउन सक्दैन ।'

पञ्चायतविरुद्ध विसं २०४६ मा र २०६२/६३ मा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउँदा पनि कांग्रेस र वाममोर्चा मिल्दा सफल भएको उल्लेख गर्दै उनले त्यतिबेला नागरिकमाथि दमन गर्नेलाई जनताले राम्रोसँग चिनिसकेको बताए ।

लोकतान्त्रिक गणतन्त्रबाट नै जनता मालिक बनेको उल्लेख गर्दै उनले गणतन्त्रको माध्यमबाट नेपाली नागरिकको अवस्था बदल्न र रोजगारी सिर्जना गरी नेपाली जनतालाई खुसीयालीमा बदल्न पनि पाँचदलीय गठबन्धन आवश्यक रहेको जिकिर गरे । व्यवस्था बचाएर नागरिकको अवस्था बदल्न तथा पाँच वर्षभित्र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न पाँचदलीय गठबन्धनले मात्र सक्ने उहाँको भनाइ छ । उहाँले युवामाथि मुलुकले ठूलो भरोसा राखेको बताउँदै युवा ऊर्जाशील भएर उत्पादनमा जोडिनुपर्नेमा जोड दिए ।

खाणले अग्रगमन र रूपान्तरणको पक्षमा काम गर्न तरुण युवालाई आग्रह गरे ।

कार्यक्रममा पाँचदलीय गठबन्धनका तर्फबाट प्रदेशसभा-३ (१)का उम्मेदवार सन्तोषकुमार पाण्डेयले युवामा देखिएको उत्साहले पाँचदलीय गठबन्धनको जित सुनिश्चितजस्तै भएको दाबी गरे । उनले देशमै रोजगारीका अवसर सिर्जना गरेर युवालाई आत्मनिर्भर बनाउने स्पष्ट योजना र कार्यान्वय गर्न सक्ने क्षमता आफूहरूसँग मात्र भएको बताए ।

**Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Karnali Province**
**Salyan, Nepal**

## INVITATION FOR BID'S.

**Date of publication: - 4th of Nov , 2022**
**Last date of bid Submission : - 20th of nov ,12 hours, 2022 for SQ & 4th of dec,12 hours 2022 for NCB.**
**Date of bid opening : - 20th of nov ,13 hours, 2022 for SQ & 4th of dec,13 hours 2022 for NCB.**

| SN. | Contract Identification No. | Description of Work | Estimated Cost Including VAT (Nrs.) | Average annual Construction Turnover of best 3 years within the last 10 years (Nrs.) | Minimum work experience of Similar size & nature (completed at least 1 contract within last 10 years) (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/ Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/SLN/ SQ/G/01/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Chakhachaur Bhangeri Suspended Bridge | 1349620.25 | NA | NA | 34000 | 45/75/1000 |
| 2 | IDO/SLN/ SQ/G/02/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Chugepakha Suspended Bridge | 1416380.59 | NA | NA | 36000 | 45/75/1000 |
| 3 | IDO/SLN/ NCB/G/03/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Dalabure Tatkejiula Suspension Bridge | 3354294.68 | NA | NA | 84000 | 90/120/3000 |
| 4 | IDO/SLN/ SQ/G/04/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Jhigane puntol Suspended Bridge | 1436197.64 | NA | NA | 36000 | 45/75/1000 |
| 5 | IDO/SLN/ SQ/G/05/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Khannethapa Chisetara Suspended Bridge | 1990174.59 | NA | NA | 50000 | 45/75/1000 |
| 6 | IDO/SLN/ ncb/G/06/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Pansera Bagchauar Suspension Bridge | 3157393.13 | NA | NA | 82000 | 90/120/3000 |
| 7 | IDO/SLN/ SQ/G/07/79/80 | Fabrication, Supply, Transportation, of steel parts of:Pedichhidekhelan Suspended Bridge | 1520992.95 | NA | NA | 40000 | 45/75/1000 |
| 8 | IDO/SLN/ SQ/G/08/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Piple bhandar khola | 1746323.05 | NA | NA | 50000 | 45/75/1000 |
| 9 | IDO/SLN/ SQ/G/09/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Ratanlalbarmase Steel Truss Bridge | 1760561.5 | NA | NA | 50000 | 45/75/1000 |
| 10 | IDO/SLN/ SQ/G/10/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Sajhkharka Suspended Bridge | 1525952.02 | NA | NA | 40000 | 45/75/1000 |
| 11 | IDO/SLN/ SQ/G/11/79/80 | Fabrication, Supply, Transportation, of steel parts of:Suchaur puruwakhet Suspended Bridge | 1170001.42 | NA | NA | 30000 | 45/75/1000 |
| 12 | IDO/SLN/ SQ/G/12/79/80 | Fabrication, Supply, Transportation, of steel parts of Tharmare Steel Truss Bridge | 1746323.05 | NA | NA | 50000 | 45/75/1000 |

1. Infrastructure Development Office (IDO) Salyan invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table above, under sealed quotation and national competitive bidding.
   **Information to deposit the Cost of Bidding Document in Bank :**
   **Name of the Bank : Nepal Bank Limited, Salyan**
   **Name of Office : Infrastructure Deveolpment Office, Salyan**
   **Office Code no. : 3370160016**
   **Office Account no. : 27502000001001000001**
   **Revenue Head no. :14229**
   **Information to deposit the Bid-Security Amount**
   **Name of the Bank : Nepal Bank Limited, Salyan**
   **Name of Office : Infrastructure Deveolpment Office, Salyan**
   **Account name : Pradesh lekha ekai karyalae (Dharauti khata)**
   **Account No : 07402000002003000001**
2. Pre-Bid meeting shall not be held **.**
3. Bids must be submitted through e-GP system**.** Bids received after **20th of nov ,12 hours, 2022 for SQ & 4tfof dec,12 hrous 2022 for NCB.** will be rejected.
4. The bids will be opened in the presence of the Bidders' representatives who choose to attend at **13:00** hours on **20th of nov ,13 hours, 2022 for SQ & 4tfof dec,13 hrous 2022 for NCB.** at the office of Infrastructure Development Office, Salyan.
5. Bids must be valid for a period of **45/75 days for SQ and 90/120 days for NCB** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned in Table above which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Other mandatory information as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
8. **Employer Address:**
   **The employer is : Infrastructure Development Office Salyan**
   **Telephone : 088-520361**
   **E-mail Address : idosalyan@gmail.com**

**Office Chief**

## हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको **प्रा.लि.नं. ७७४१९** को **मण्डला नेपाल ह्याण्डिक्राफ्ट प्रा.लि.**को मिति २०७९/०२/२७ गतेको अन्तिम विशेष साधारण सभा बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा १ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

**प्रकाशित मितिः २०७९/०७/१८**

यस कार्यालयमा मिति २०६६/०७/०५ मा दर्ता भएको **प्रा.लि.नं. ६६९१९** को **अल्टरनेटिभ ब्रिक्स इन्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०७/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ कात्तिक २०७९, शुक्रबार
4 November 2022, Friday

## सम्पादकीय

### लोकतान्त्रिक संस्कृतिको खाँचो

उम्मेद्वारहरूले बिहीबारबाट प्रचारप्रसार शुरू गरेका छन् । निर्वाचन आयोगले दिएको समय अनुसार, उम्मेद्वारहरूले औपचारिक रूपमा प्रचार थालेका हुन् । अनौपचारिक प्रचार भने यसअघिबाटै उम्मेद्वारहरूले थालिसकेका थिए । कतिपयले स्थानीय चुनाव लगत्तैबाट प्रचार थालेका हुन् । राजनीतिक दलहरू भने बिहीबार मात्रै प्रचार सामग्रीसहित मैदानमा उत्रिएका छन् । यसअघि प्रचार सामग्री सहित सार्वजनिक प्रचार थाल्दा निर्वाचन आचारसंहिता बिपरीत हुने भएकाले दलकै उम्मेद्वारहरू पनि अनौपचारिक भेटवार्तामा थिए । तर अब भने घोषित र तालिका बनाएरै प्रचार थालेका छन् । प्रचारका निम्ति पनि निर्वाचन आयोगले मापदण्ड तोकिदिएको छ । निर्धारित मापदण्ड भन्दा बाहिर गएमा कानून बमोजिम कार्बाही गर्ने आयोगले चेतावनी दिइसकेको छ ।

संहिता बिपरीतका उम्मेद्वारी खारेज गरेरै आयोगले दलहरूलाई सचेत गराएको थियो । मुख्य प्रतिशपर्धी मानिएकै उम्मेद्वारको उम्मेद्वारी खारेज भएपछि दलहरूले प्रचार कार्य पनि आयोगले दिएको समय बमोजिम शुरू गरेका छन् । तर बदलिदो परिस्थिति बमोजिम प्रचारको प्रभावकारिता भने सामाजिक सञ्जाल र नेताहरूको सार्वजनिक अभिव्यक्तिबाट बढी हुने देखिन्छ । त्यो अवसर नेताहरूले भरपुर उपयोग गर्दै आएका छन् । राजनीतिक नेतृत्व, दलीय उम्मेद्वार र स्वतन्त्र उम्मेद्वारी दिनेहरूले सामाजिक सञ्जालको प्रयोग बढाएका छन् । संगठन नभएका उम्मेद्वारका निम्ति यो बलियो माध्यम नै बनेको छ । काठमाडौं महानगर, धरान उपमहानगर, धनगढी उपमहानगर लगायतको मेयर स्वतन्त्र उम्मेद्वारले जित्नुको पछाडि सामाजिक सञ्जालको प्रयोग नै मुख्य थियो ।

त्यही उदाहरणलाई आधार मानेर दलहरूले सामाजिक सञ्जाल र सञ्चार माध्यमको प्रयोग बढाएका छन् । सँगै, नेताहरूको चर्को अभिव्यक्ति समेत सुनिन थालेको छ । संभवतः चुनावको मिति नजिकिदै जाँदा अभिव्यक्ति झनै चर्को हुनसक्छ । तर प्रारम्भिक रूपमा सुनिएका अभिव्यक्ति राम्रो छैन । निराधार र प्रमाणित गर्न नसकिने अभिव्यक्ति नेताहरूबाट सार्वजनिक हुन थालेका छन् । चुनाव जित्नकै निम्ति एकअर्काविरूद्ध यसरी आरोप बढेमा परिस्थिति नै अलग हुन सक्छ । जबकी लोकतन्त्रमा चुनाव भनेको नियमित प्रक्रिया हो । अझ मतदातालाई निर्भय र कुनै प्रभावमा नपरी मतदान गर्ने बातावरण सिर्जना हुनु लोकतन्त्रको अनिवार्य सर्त हो । सभ्य तरिकाले मत माग्नु र प्रतिशपर्धा हुनु लोकतान्त्रिक संस्कृति पनि हो । त्यो संस्कृति जोगाउँदा लोकतन्त्र झनै मजबुत हुनेछ । तर मर्यादा नाघेर गरिने सस्ता टिप्पणीले भने अहिलेको प्रणालीमाथि नै बितृष्णा उत्पन्न हुनसक्छ । यसतर्फ नेतृत्व सचेत हुन आवश्यक छ ।

# चुनाव र मधेशका एजेण्डा

*पाँच वर्षको अवधिमा मधेश सरकारले मधेशी जनतालाई अधिकार दिनुभन्दा पनि कुशासन र भ्रष्टाचारको पोको बाँड्यो । मधेश सरकारसँग जोडिएर आएका काण्डले मधेशको राजनीति कति जनविरोधी खालको छ भन्ने देखाउँछ ।*

अग्रलेख



● अनिल तिवारी

यस पटक न मधेश आन्दोलनको 'राप-ताप' छ न त मधेशी आन्दोलनकै माग वा अधिकारको मुद्दा छ । रातारात सत्ताधारी गठबन्धनबाट एमालेसँग लहसिएपछि इच्छाए अनुसारका भागबन्डा त पायो जसपाले तर, स्थानीय चुनावमा भएको हारजितको प्रतिशोध नसेलाउँदै भएको गठबन्धनले एमाले र जसपा दुबैलाई सकसमा पारेको छ । गठबन्धनलाई ठगबन्धन भन्दै दुबै दलबाट विद्रोहको बिगुल बजाउँदै धेरै नेता तथा कार्यकर्ताले बागी उम्मेदवार बनेर चुनौती दिएका छन् ।

एमाले र अध्यक्ष केपी शर्मा ओली सबैभन्दा ठूला मधेश विरोधी भएको आरोप लगाउने उपेन्द्र यादव र उहाँका उम्मेदवार अहिले चुनावी सहधर्मीदल जसपा एमालेलाई गंगाजल छर्केर शुद्ध बनाउदै मधेश प्रेमी बनाउने चुनावी अभियानमा लागेको हो की भन्ने देखिन्छ । मधेशी जनअधिकार फोरमको स्थापनाकालदेखि अध्यक्ष पदमा आसीन उपेन्द्र यादव समय परिवेशसँगै रंग परिवर्तन गर्न माहिर भएकै कारण १५ वर्षदेखि बिरासत कायम राख्न सफल छन् । समय सापेक्ष राजनीतिक बोली फेर्ने गजब खुबीका कारण पार्टी जतिपटक जुटे-टुटे पनि आफ्नो बिरासत बचाउन सफल हुँदै आएका व्यक्ति मानिन्छन् उपेन्द्र । अध्यक्ष यादवप्रति यस पटक मधेशको मोहभंग भएको बताइँदै छ । सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ चुनाव लडेका यादवसँग राष्ट्रिय नेता भनाउनु बाहेक केही मुद्दा नरहेको चर्चा चलेका छन् ।




संविधान जारीपछि केपी शर्मा ओली नेतृत्वमा बनेको बाम सरकारमा टासिँदै उपप्रधानमन्त्री बने पनि प्रचण्ड भक्तिको कारण उपेन्द्रलाई ओलीले गलहत्याएरै सरकारबाट हटाएका थिए । त्यसलगतै पार्टी फुट्न थालेपछि विभिन्न शक्ति केन्द्रमा हारगुहार गर्दै महन्थ ठाकुरसँग एकीकरण गरेपनि ओली प्रतिगमनकारी भए भन्दै पुनः पार्टीलाई विभाजन गराउन प्रचण्डसँग गाँसिनु र शेरबहादुरको गठबन्धन सरकारमा समावेश गर्ने काम गरे ।

उत्तर दिशाबाट आएको निर्देशनले अहिले प्रतिगामी एमालेसँगको गठबन्धनमा उज्यालो हुन नपाउँदै लागेको आरोप समेत मधेशमा चुनावी मुद्दा बनेको छ । नागरिकता विधेयक लगायत प्रदेशलाई असफल बनाउने अभियानमा लागेको एमाले मधेश विरोधी भएको विषयले जसपालाई चुनावी मैदानमा गाह्रो बनाएको जानकारहरूको भनाइ छ । यी अनेक कारणले स्वयम् पार्टी अध्यक्ष हार्ने अवस्थामा रहेको आकलन गर्न थालिएको छ ।

पहिलो चुनावमा मधेश आन्दोलनले निर्दिष्ट गरेअनुसार मधेशी दलको गठबन्धनले पाएको राजनीतिक शक्तिलाई पाँच वर्षमा सत्ताको लागि पटक-पटक चिरहरण गरिएको कारण मधेशी दल र मधेश प्रदेश सरकार हुने जतिको भ्रष्टाचारमा लिप्त भएपछि मधेशको जनमत फेरिएको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गयो र सात प्रदेशमा सरकारहरू स्थापना भए तर, संविधानअनुसार कानुन बनाउन प्रतिनिधिसभाको पुरै पाँच वर्ष असफल भएको आरोपलाई पनि नकार्न सकिँदैन । त्यसको प्रमुख जिम्मेवार मधेशी दलहरू नै हुन् ।

*संविधान जारी भएपछि झण्डै छ महिना चलेको मधेश आन्दोलनपछि बनेको मधेश सरकारको पाँच वर्षे कार्यकाल मधेश मुद्दामा पुर्णरूपले असफल देखिएको छ । पाँच वर्षको सत्ता राजनीतिमा मधेशी दलले देखाएको व्यवहारले मधेशी दल र नेताप्रति निकै घृणा उत्पन्न गराएको छ । दलहरु मधेशका वास्तविक मुद्दाभन्दा अन्य विषयमा केन्द्रीत रहेको पनि पुष्टि हुन्छ ।*

पछिल्लो पाँच वर्षको अवधिमा सत्ताको अंशवण्डाभन्दा पनि कानुन बनाउन मधेशी दल केन्द्रित हुनुपर्थ्यो । संघ र प्रदेशसभाका प्रमुख दुईवटा जिम्मेवारी मात्र छन् । विधि वा कानुन निर्माण र त्यसपछि सरकार निर्माण गर्नु । यी सीमा नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रले अपनाएको प्रमुख विषय हुन् । तर, त्यसो भएन । गएको पाँच वर्षको राजनीतिक क्रियाकलाप संवैधानिक आवश्यकता, महत्व र औचित्य भन्दा बिलकुलै फरक देखिएको छ । सांसद र संसद् दुवै कानुन बनाउनभन्दा पनि 'विकास-निर्माण' बजेट खर्चिनका लागि प्रत्यक्ष संलग्न हुनु नै देखियो । विधि निर्माण दोस्रो र सरकार बनाउने वा भत्काउने पहिलो र आकस्मिक काम मात्र हुन् भने झैं भयो ।

२०७२ साउन पहिलो साता संविधानको प्रारम्भिक मस्यौदा आएदेखि सुरु भई असोज ३ गते संविधान जारी भएपछिको झण्डै छ महिना चलेको मधेश आन्दोलनपछि बनेको सरकारको पाँच वर्ष मधेश मुद्दामा पुर्णरूपले असफल भएको छ । संविधानमा समावेश हुने अधिकारका कुरालाई लिएर मधेशमा विरोधको स्वर पहिलेदेखि आउन थालेको भए पनि २०७२ साउन ३१ गतेदेखि सो आन्दोलन अनिश्चितकालीन तराई-मधेश आमहडतालमा परिणत भएको थियो तर, माग पूरा नभइ मधेशी दलहरू चुनावी मैदानमा ओर्लिए ।

साइकल खरिद काण्डमा भएको भ्रष्टाचारको फाइलमा रहेका कागजहरू स्वयम् मुख्यमन्त्रीले गायब गरेको आरोपलगायत प्रदेश सकारको भ्रष्टाचारलाई चुनावी अदालतमा लुकाउन जसपालाई धौधौ परेको छ । समय सापेक्ष राजनीतिक रणनीति र बोली जति फेरिए पनि पाँच वर्षमा मधेश प्रदेश सरकारमा भएको हरेक भ्रष्टाचारका साक्षी उपेन्द्र यादव रहेको आरोपलाई नकार्न सकिँदैन । उनका मुख्यमन्त्री लालबाबु राउतको कार्यालयबाट चलेको हरेक कार्यक्रमहरू (बेटी बचाउ, बेटी पढाउ, मुख्यमन्त्री स्वच्छता अभियान, छोरी बिमा कार्यक्रमलगायत)का फाइलहरू अख्तियार अनुसन्धान आयोगले तानेको छ । साइकल खरिदमा भएको भ्रष्टाचारको मुद्दाबाट लालबाबुलाई उन्मुक्ति दिन यादवले भएभरका सत्ताधारी गठबन्धनको प्रयोग गरेको आरोप पनि छ । साइकल खरिद काण्डमा भएको भ्रष्टाचारको फाइलमा रहेका कागजहरू स्वयम् मुख्यमन्त्रीले गायब गरेको आरोप लगायत प्रदेश सकारको भ्रष्टाचारलाई चुनावी अदालतमा लुकाउन जसपालाई धौधौ परेको छ ।

तेस्रो मधेश विद्रोहको संज्ञा दिइएको पछिल्लो पटकको आन्दोलनलाई पाँच वर्ष पछाडि फर्केर हेर्दा त्यसले देश र मधेशलाई के दियो भन्ने सवाल आम मतदाताको मनभरि मडारिइरहेको छ । परिणाम स्वरुप उपेन्द्र यादव र जसपासँग मधेशको मोह भंग भएको छ । जो उक्त विद्रोहमा होमिए, कुटिए, राज्यको दमनका कारण अंग गुमाए र परिवारका आत्मीय सदस्य गुमाए ती सर्वसाधारण भने ठगिएको महसुस गरिरहेका छन् । त्यसले गर्दा मधेशी र थारू समुदायमा रहेको असन्तुष्टि र मुद्दा बाँकी रहेसम्म अर्को आन्दोलन पनि बाँकी छ जस्तो धेरैलाई लाग्छ । मधेशी दलले देखाएको पाँच वर्षको नातावाद, कृपावाद, पैसामोह र सत्तावादले मधेशी दल र नेताप्रति ठूलो घृणा उत्पन्न गरेको छ । त्यसमा पनि सबैभन्दा मधेश विरोधी, प्रतिगमनका सबै कुरा भनिरहनु परेन । पाँच वर्षको अवधिमा मधेश सरकारले मधेशी जनतालाई अधिकार दिनुभन्दा पनि कुशासन र भ्रष्टाचारको पोको बाँड्यो । मधेश सरकारसँग जोडिएर आएका काण्डले मधेशको राजनीति कति जनविरोधी खालको छ भन्ने देखाउँछ ।

## सामाजिक सञ्जाल



**- शरदराज पाठक**

"क पार्टीको भोट ख पार्टीलाई पुरै ट्रान्सफर हुने सुनिश्चित गर्न कार्यकर्तालाई फलानो नेताको निर्देशन ।" यस्ता समाचार बग्रेल्ती पढ्न पाइँदैछ । पछिल्लो स्थानीय निर्वाचको नतिजापछि पनि 'पार्टीको भोट' को रट लगाउनेहरू र त्यसका लागि खट्नेलाई महामुर्खभन्दा उपयुक्त सम्वोधन अरू के पो होला ?



**- प्रेम घर्ती मगर**

हरेक चुनाव अघि (फलानो) पार्टीले पाँच वर्षभित्र देश विकास गर्छ भन्ने भाषण २०६४ सालदेखि सुन्दै आएको हो । पाँच वर्षमा विकास हुन्छ भनेको १५ वर्ष बितिसक्यो । अझै पनि उही रटान लाउँदैछन् । यस्तै झुट सपना बाँडेर, सीमित नेताहरू रातारात धनि बने । तर, जनताको जीवनस्तर आज पनि ज्यूँ को त्यूँ छ ।



**- मुमाराम खनाल**

बहुपटक प्रम बन्न ईच्छुक नेताले त संसदीय व्यवस्थाको संस्थागत चरित्रको जगेर्ना गर्नुपर्ने हो । किनकि भोलि प्रम बन्दा आफैलाई संस्थागत काम गर्न सजिलो हुन्थ्यो । तर बहुपटक प्रम बन्न लालायित नेताहरूको कस्तो शासकीय विरोधाभास- पहिले संसदीय घर भत्काउने र त्यही घरमा बास बस्न सबैसँग लड्ने ।



**- रञ्जित तामाङ**

मान्छेहरू घमण्डले जत्ति टुप्पिए पनि के गर्नु ? वडा सचिवले 'तँ जन्मिस्' भनेर जन्मदर्ता 'तँ मरिस्' भनेर मृत्युदर्ता नगरेसम्म कानूनी रूपमा मान्छेको न जन्म हुन्छ, न मृत्यु हुन्छ । संसारभरकै बाजा एकैचोटी बजाएर स्वर्गकी अप्सरा बिहे गरे पनि विवाह दर्ता गर्दा वडा सचिव बटारियो भने स्वाह !



**- मानवी देवकोटा**

